म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१६ सोमबार, ९ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 23 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भुटनदेवी माविको पीटीए अध्यक्षमा श्रेष्ठ

हेटौंडा, ८ चैत/हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको शिक्षक अभिभावक संघ (पीटीए) को अध्यक्षमा निकेशकृष्ण श्रेष्ठ चयन भएका छन् ।

श्रेष्ठको अध्यक्षतामा सर्वसम्मत ११ सदस्यीय समिति गठन भएको हो । समितिको सदस्य सचिवमा विद्यालयका सहायक प्रधानाध्यापक भरत पोखरेल चयन भएका छन् । सदस्यमा देवेन्द्र सञ्जेल, विक्रम खतिवडा, निलप्रसाद न्यौपाने, राकेश श्रेष्ठ, जानकी श्रेष्ठ र विद्यालय शिक्षिका प्रमिला सुवेदी र संगीता गौतम चयन भएका छन् । विद्यालयका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिगदेल समितिको पदेन सदस्यमा चयन भए । समितिले शैक्षिक गुणस्तर सुधारमा अभिभावक, विद्यार्थी र शिक्षकबीच पुलको भूमिका निर्वाह गर्ने प्रधानाध्यापक घिमिरेले बताए ।

### ८ महिनामा बागमतीमा ३६ दशमलव २९ प्रतिशत राजश्व संकलन

# प्रदेशको कमजोर राजश्व संकलन

साझाकुरा संवाददाता



हेटौंडा, ८ चैत/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६ दशमलव २९ प्रतिशत अर्थात् २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार रुपैयाँ मात्र राजश्व संकलन गर्न सफल भएको छ ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुनसम्ममा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व संकलन गर्ने तोकिएको लक्ष्यको तुलनामा ४५ दशमलव १३ प्रतिशत अर्थात् १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व संकलन भएको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए । उनका अनुसार आव २०८२/८३ मा घर जग्गा रजिष्ट्रेसन शीर्षकबाट सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा दुई अर्ब ५६ करोड दुई लाख चार हजार रुपैयाँ राजश्व संकलन भएको छ ।

प्रदेश सरकारले सवारी साधन जाँचपास, रुट पर्मिट, सवारी चालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा आठ अर्ब २५ करोड लक्ष्य तोकिएकोमा चार अर्ब ४४ करोड ९३ लाख ४० हजार रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्यअभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा यो अवधिसम्ममा पाँच अर्ब चार करोड ६५ लाख १७ हजार संकलन भएको छ भने अन्त:शुल्क करबापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा एक अर्ब ७५ करोड तीन लाख ३६ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको अधिकृत पौडेलले बताए । चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा लक्ष्यको ५२ दशमलव ३५ प्रतिशत अर्थात् दुई अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेजनी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षति लगायत कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको उनको भनाइ छ । घरजग्गा कारोबारमा आएको मन्दी, संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौती र न्यून पुँजीगत खर्च भएकाले राजस्व संकलन पनि कमजोर देखिएको बागमती प्रदेश लेखानियन्त्रण कार्यालयले जनाएको छ । प्रदेश लेखानियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार प्रदेशको प्रमुख आन्तरिक स्रोतको रुपमा रहेको घरजग्गा रजिष्ट्रेशन शुल्कमा उल्लेख्य गिरावट आएको छ ।

संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौतीले पनि प्रदेशको ढुकुटीमा असर पारेको उनले बताए । संघीय सरकारले राजस्व लक्ष्य भेट्न नसक्दा त्यसको असर प्रदेशलाई दिइने समानीकरण अनुदानमा परेको उपाध्यायको भनाई छ । 'फागुन मसान्तसम्म घरजग्गा रजिष्ट्रेशन शुल्क लक्ष्यको ३३.२५ प्रतिशत मात्र संकलन भएको छ' उनले भने, 'बागमती प्रदेशभित्रका मालपोत कार्यालयमा घरजग्गाको किनबेच र कारोबार घटेकाले यसको सीधा असर राजस्वमा परेको हो । प्रदेशको अर्को ठूलो स्रोत सवारीसाधन करतर्फ भने केही सन्तोषजनक अर्थात् करिब ५४ प्रतिशत प्रगति भएको छ ।'

पुससम्मको राजस्व संकलनको आधारमा संघीय सरकारले तेस्रो किस्तामा ४.५३ प्रतिशतले अनुदान कटौती गरेको छ । यसले गर्दा प्रदेशले पाउनुपर्ने ८ अर्ब २८ करोडमध्ये झण्डै ३८ करोड रुपैयाँ कम प्राप्त भएको छ । समानीकरण अनुदानबाहेक सशर्त र विशेष अनुदान पनि प्रदेशको खर्च प्रगतिकै आधारमा प्राप्त हुने भएकाले, प्रदेशको खर्च ८ महिनामा २२ प्रतिशत मात्र हुँदा अनुदानको निकासा पनि कम भएको उनले बताए । प्रदेश सरकारले आफ्नै स्रोतबाट ४ अर्ब ७७ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा हालसम्म ५२.३५ प्रतिशत मात्र प्रगति भएको छ । अघिल्लो वर्षको तुलनामा लोकसेवा आयोगले लिने परीक्षा विज्ञापनमा आएको कमी र घरेलु तथा साना उद्योग दर्तामा आएको गिरावटले राजस्व प्रभावित भएको उपाध्यायले बताए ।

# बागमती प्रदेशमा 'एक जिल्ला एक स्वस्थ्य सहर' निर्माण गरिने



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लालाई 'एक जिल्ला एक स्वस्थ्य सहर' घोषणा गर्ने तयारी गरिएको छ ।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले स्वास्थ्य मन्त्रालयले प्रत्येक जिल्लाको एउटा सहर वा पालिकालाई स्वस्थ्य सहर बनाएर घोषणा गर्नेगरी अभियान सञ्चालन गरेको जानकारी दिए । यसका लागि प्रदेशका १३ वटै जिल्लाका जनस्वास्थ्य कार्यालय प्रमुख, जिल्ला अस्पतालका प्रमुख एवं प्रतिनिधिलगायत सरोकार भएका निकायलाई स्वस्थ, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरण समेत सम्पन्न गरिसकेको उनले जानकारी दिए । अभिमुखीकरण अनुसार आवश्यक तयारी थाल्न उनले सरोकार भएका सबैलाई निर्देशन दिए ।

प्रदेशका प्रत्येक जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुऱ्याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्यसेवाको पहुँच पुऱ्याउने गरी 'एक जिल्ला एक स्वस्थ्य सहर' निर्माण अभियानलाई अगाडि बढाउने निर्णय गरिएको मन्त्री थापामगरले बताए । प्रदेश स्वास्थ्य मन्त्रालय सचिव सुमित्रा गौतमले स्वास्थ्य क्षेत्रको प्रभावकारी कार्यान्वयन, उपलब्धि मूल्यांकन तथा सुधारका अवसरको पहिचान गरी प्रत्येक जिल्लालाई स्वस्थ्य सहर निर्माण गरी स्वस्थ्य नागरिक बनाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको बताइन् ।

उनले बागमतीलाई स्वास्थ्यक्षेत्रमा नमुना प्रदेश बनाउने लक्ष्यका साथ स्वास्थ्यक्षेत्रलाई व्यवहारिक, दिगो र परिणाममुखी बनाउनेगरी योजना तर्जुमा गरिएको जानकारी दिइन् । प्रदेशका १३ वटै जिल्लामा स्वास्थ्यसेवामा गुणस्तरीय बनाउने, पहुँच विस्तार, जनचेतना वृद्धि तथा प्रविधिको प्रभावकारी प्रयोग गर्दै प्राथमिकताका क्षेत्र निर्धारण गरी प्रदेशको समग्र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने लक्ष्य लिइएको उनको भनाइ छ ।

प्रत्येक नागरिकले उपचार आफ्नै जिल्लाका अस्पतालमा सहजरुपमा पाउने गरी व्यवस्था गर्दै अस्पताललाई उपकरण, प्रविधिमैत्री बनाउने गरी व्यवस्थापनको तयारी थालिएको स्वास्थ्य सचिव गौतमले जानकारी दिइन् । स्वस्थ्य सहर, स्वस्थ्य नागरिकका लागि प्रदेश स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालन गर्नेगरी प्रत्येक जिल्लामा तयारी गरिएको उनले बताइन् ।

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/राष्ट्रिय तथ्यांक कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल) को सर्वेक्षणको तयारी गरेको छ ।

देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कुल गार्हस्थ उत्पादनमा कति योगदान पुर्याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्यांक कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिए । उनकाअनुसार देशभरिका निजी सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिनेछ । उनले आगामी वैशाखदेखि असार मसान्तसम्म तथ्यांक संकलनको काम गर्ने जानकारी दिए । 'अहिले कर्मचारी करारमा लिएर छनोट गर्ने कार्य भइरहेको छ । ती कर्मचारीलाई तालिम दिनेछौं,' उनले भने, 'अनि हामी ती कर्मचारीलाई तथ्यांक संकलन गर्न अस्पतामा पठाउँछौं ।'

उनका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी संख्या लगायत तथ्यांक संकलन गरिनेछ । कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्यसंस्थाको सर्वेक्षण गर्ने भने तापनि केहीवर्ष ढिलाइ भएको उनको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पदानमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिए । त्यतिबेला एकसय वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गरिने तयारी गरिएको छ ।

# आईएसओमा जाँदै भुटनदेवी मावि




साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले भौतिक तथा शैक्षिक स्तरलाई अन्तर्राष्ट्रिय गुणस्तरमा लैजाने भएको छ ।

भुटनदेवी मावि र ग्लोबल क्वालिटी काउन्सिल, नेपालका प्रतिनिधिबीच आइतबार एक कार्यक्रममा आईएसओमा जाने सम्झौता भएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देल, विद्यालयका प्रध्यानाध्यपाक सूर्यप्रसाद घिमिरे र काउन्सिलका प्रतिनिधि सुदीप शर्माले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक संघ र विद्यालय अनुगमन समितिका सदस्यलाई अन्तर्राष्ट्रिय गुणस्तर माप्दण्ड र सूचकबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको विद्यालयका प्रअ घिमिरेले जानकारी दिएका छन् ।

एक वर्षभित्र अर्थात् आगामी २०८३ चैत मसान्तभित्र अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण गरिसक्ने लक्ष्य रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिग्देलले बताएका छन् । उनले भौतिक संरचनाको गुणस्तरीय व्यवस्थापन र शैक्षिक वातावरणलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डअनुसार कायम गरिने प्रतिबद्धता व्यक्त गरे । विद्यालयको प्रारम्भिक वस्तुस्थितिको परीक्षण तथा आगामी तीनवर्षे शैक्षिक गुणस्तर ढाँचा तयार गरि एको ग्लोबल क्वालिटी काउन्सिल, नेपालका प्रतिनिधि शर्माले जानकारी दिए । उनले सामुदायिक विद्यालयतर्फ मकवानपुरकै पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण प्राप्त गर्ने विद्यालय भुटनदेवी मावि हुने बताए ।

विभिन्नचरणमा भएको छलफल तथा अन्तरक्रियामा विद्यालय व्यवस्थापन समिति अध्यक्ष सिग्देल, विद्यालयका प्रअ घिमिरे, काउन्सिलका प्रतिनिधि शर्मा, शिक्षक तथा अभिभावक संघ, नेपालका अध्यक्ष निकेशकृष्ण श्रेष्ठ, विद्यालय अनुगमन समितिका संयोजक इन्द्रप्रसाद नेपाल, टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुव अधिकारी, महासचिव शिवहरि दाहाललगायत विभिन्न समितिका सदस्यबीचको छलफलपछि अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरणमा जाने सम्झौता गरिएको विद्यालयका सप्रअ तथा विद्यालय आईएसओ संयोजक वेदराज कोईरालाले स्पष्ट पारे ।

## सच्याईएको

यस साझाकुरा राष्ट्रिय दैनिकको मिति २०८२ चैत्र ६, ७ र ८ गते प्रकाशित पत्रिकाको **अंक क्रमश: २१३, २१४, २१५** हुने पर्नेमा अन्यथा भएकोले सच्याइएको छ । *-सम्पादक*



साझाकुरा

## हाम्रो कुरा

# सामरी उत्खनन्: विकास कि विनाश ?

मकवानपुरगढी गाउँपालिका-अन्तर्गत पर्ने सामरी खोला हिजोआज गम्भीर संकटको सामना गरिरहेको छ । ढुंगा, गिट्टी र बालुवाको जथाभावी उत्खननले खोला मात्र होइन, आसपासका बस्ती, कृषिप्रणाली र जैविक सन्तुलनलाई नै जोखिममा पारेको छ । स्थानीय तह, सरोकारवाला निकाय र राजनीतिक नेतृत्वको मौनताले यो समस्या झनै विकराल बन्दै गएको देखिन्छ । सामरीखोला वर्षौंदेखि स्थानीय जनजीवनको आधार रहँदै आएको छ । सिँचाइ, खानेपानी, पशुपालन र प्राकृतिक सन्तुलनका लागि यसको भूमिका अमूल्य छ । तर, हालको अनियन्त्रित उत्खननले खोला गहिरिँदै जानु, किनार कटान बढ्नु र बाढीको जोखिम तीव्र हुनुजस्ता समस्या उत्पन्न गरेको छ । बर्खायाममा सामान्य वर्षा हुँदा पनि बस्ती डुबानमा पर्ने, खेतबारी बग्ने र पूर्वाधार क्षतिग्रस्त हुने घटना बढ्दै गएका छन् । उत्खननको नाममा केही सीमित व्यक्ति वा समूहले छोटो अवधिको नाफा कमाइरहेका छन् तर, यसको दीर्घकालीन मूल्य सम्पूर्ण समुदायले चुकाउन बाध्य हुनुपरेको छ ।

वातावरणीय प्रभाव मूल्यांकन नगरी, मापदण्डविपरीत र रातारात गरिने उत्खननले कानुनको ठाडो उल्लंघन भइरहेको छ । स्थानीय तहले राजस्वको लोभमा आँखा चिम्लिनु वा कमजोर अनुगमन गर्नु गम्भीर लापरवाही हो । विकासको नाममा प्राकृतिक स्रोतको दोहन गर्नु आत्मघाती नीति हो । विकास दिगो हुनुपर्छ–जहाँ आर्थिक लाभ र वातावरणीय संरक्षण सँगसँगै अघि बढून् । उत्खनन पूर्णत: बन्द गर्नुभन्दा पनि वैज्ञानिक मापदण्ड, निश्चितक्षेत्र र समयसीमा तोकी कडाइका साथ नियमन गर्नु आजको आवश्यकता हो । यसका लागि प्राविधिक अध्ययन, समुदायको सहभागिता र पारदर्शी निर्णय प्रक्रिया अनिवार्य छ । अब प्रश्न उठ्छ–सामरीखोला कसको जिम्मा हो ? जवाफ स्पष्ट छ: राज्य, स्थानीय सरकार र समुदाय सबैको । यदि आजै कठोर कदम चालिएन भने भोलि खोला मात्र होइन, हाम्रो भविष्य पनि बग्नेछ । त्यसैले सम्बन्धित निकायले तुरुन्त अनुगमन कडा बनाओस्, अवैध उत्खनन रोकियोस् र दोषीलाई कानुनी दायरामा ल्याओस् । प्रकृतिसँग सहअस्तित्वमै मात्र समुन्नत समाज निर्माण सम्भव छ–यो सत्यलाई अब नजरअन्दाज गर्ने छुट कसैलाई छैन । मकवानपुरको सामरीखोलामा तोकिएको मापदण्डविपरीत ढुंगा, गिट्टी तथा बालुवा उत्खनन् भइरहेको गुनासो बढेपछि सरोकारवाला निकायले संयुक्तरुपमा स्थलगत अनुगमन सुरु गरेका छन् । निरन्तररुपमा एक्साभेटर मेसिन प्रयोग गरी भइरहेको उत्खननले खोलाको स्वरुप नै बिग्रन थालेको र वातावरणीय असर देखिन थालेको भन्दै स्थानीयवासीले पटकपटक गुनासो गरेपछि अनुगमन गरिएको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको नेतृत्वको अनुगमन टोलीमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी मकवानपुरका प्रमुखहरु लगायतको सहभागिता रहेको थियो । सुरक्षा निकायसहितको टोलीले खोलाको विभिन्न भाग निरीक्षण गर्दै भइरहेको उत्खनन्, प्रयोग भइरहेको उपकरण तथा मापदण्डको पालना अवस्थाबारे जानकारी लिएको थियो । अनुगमनका क्रममा सबैभन्दा गम्भीर रुपमा देखिएको विषय भनेको गहिराइसम्बन्धी मापदण्ड उल्लंघन हो । गाउँपालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण (आईई) अनुसार खोलामा अधिकतम एक मिटर गहिराइसम्म मात्र उत्खनन् गर्न पाइने व्यवस्था भएपनि दुई मिटर वा सोभन्दा बढी गहिराइसम्म खनिएको भेटिएको छ । यो विषयमा स्थानीयले जोडदार रुपमा आवाज बुलन्द पार्नुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १० गते मंगलबार २४ मार्च २०२६ । षष्ठी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:६ सूर्यास्त ६:१६ । विश्व क्षयरोग दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# बन्धक भूगोल: नेपाल, हिमाल, र राष्ट्रको रणनीतिक भविष्य



✍ राजेन्द्र बजगाईं

हालै 'प्रिज्नर्स अफ जिओग्राफी' नामक किताब पढ्दा म गहिरो चिन्तनमा परेको थिएँ । लेखक टिम मार्शलले स्पष्ट पारेका छन्– भूगोलले राष्ट्रको भाग्य निर्धारण गर्छ । पहाड, नदी, मरुभूमि र समुद्र मात्र प्राकृतिक संरचना होइनन्ह तिनीहरूले राजनीतिक सम्भाव्यता, आर्थिक मार्गदर्शन र सैन्य वास्तविकता तय गर्छन् । नेपालका लागि यो सैद्धान्तिक कुरा मात्र होइन, हाम्रो अस्तित्वको कथा हो । नेपाल त्यो स्पष्ट उदाहरण हो जहाँको पहिचान, अस्तित्व र र ाजनीतिक विकास भूगोलले अनिवार्य रूपमा आकार दिएको छ । उच्च हिमालहरूले हाम्रो उत्तरको किल्ला बनाइरहेका छन् भने दक्षिणमा दक्षिणी एशियाका विशाल मैदान फैलिएका छन् । यी दुई भूभागको बीचमा एउटा सानो, तर दृढ राष्ट्र छ, जसले शताब्दीयौंसम्म क्षेत्रीय उतारचढाव र शक्ति परिवर्तनहरूमा बाँच्न सफल भएको छ । नेपाल सधैं भूगोलको बन्धक रहँदै आएको छ, तर सोही समयमा यसको लाभ पनि उठाउँदै आएको छ ।

**हिमालय: नेपालको रणनीतिक ढाल**

हिमालय केवल भौगोलिक अवरोध मात्र होइन, यो पृथ्वीको सबैभन्दा प्रभावशाली भू-रणनीतिक संरचनामध्ये एक हो । यी पहाडहरूले शताब्दीयौंसम्म नेपाललाई ठूलो आक्रमणबाट जोगाएका छन् र धेरै साना राज्यहरू साम्राज्यमा विलीन हुँदा पनि हाम्रो स्वतन्त्रता कायम राख्न मद्दत गरेका छन् ।

आधुनिक नेपालका संस्थापकहरूले यो रणनीतिक सच्चाइ राम्ररी बुझेका थिए । पृथ्वीनारायण शाहले नेपाललाई "दुई ढुङ्गा बीचको तरुल– रत्तिभित्रको रतालु" भन्नुभयो, जसले हाम्रो राष्ट्रले शक्तिशाली छिमेकीह रूबीच समतुल्य सन्तुलन कायम गर्नुपर्ने अवस्था स्पष्ट पारेको छ । त्यसपछि, बहादुर शाहले हिमालय क्षेत्रमा प्रभाव विस्तार गर्दै महत्वपूर्ण मार्गहरू सुरक्षित गरे र राज्यको रणनीतिक सीमा सुदृढ बनाए ।

बीसौं शताब्दीमा, राजा महेन्द्रले दुई बढ्दो शक्ति बीचको नेपालको स्थान कमजोरी पनि बन्न सक्छ, अवसर पनि भन्ने बुझे । पर राष्ट्रनीति त्यसैअनुसार अघि बढाए । उनको विदेश नीति, बदलिंदो भूराजनीतिक परिवेशमा सार्वभौमिकता कायम राख्दै सन्तुलन कायम गर्ने प्रयास थियो । ती नेताहरूले बुझेका सत्यलाई आजका धेरै राजनीतिज्ञले बिर्सिसकेका छन् भूगोल अपरिवर्तनीय छ ।

**आधुनिक नेपालमा रणनीतिक खाँचो**

आज, नेपालको राजनीतिक नेतृत्व प्राय: ऐतिहासिक ज्ञानबाट टाढा देखिन्छ । राजनीतिक संवाद छोटो अवधिका गुटीय संघर्षमा सीमित हुन्छ, र नेपालको एशियाली भूमिकाबारे छलफल प्राय: आन्तरिक सत्ता द्वन्द्व र अस्थायी गठबन्धनद्वारा दबाइन्छ । परिणामस्वरूप, राष्ट्रको रणनीतिक स्पष्टता कमजोर हुन्छ ।

नेपाली कांग्रेस जस्ता परम्परागत पार्टीहरूले पहिले लोकतान्त्रिक रूपान्तरणको प्रतिनिधित्व गर्थे, तर समयसँगै यी दलहरू आन्तरिक प्रचार नेटवर्क र वैचारिक भ्रमको प्रभावमा बढ्दै गएको देखिन्छ । एक पार्टी जुन पहिले स्पष्ट लोकतान्त्रिक सिद्धान्तको पक्षधर थियो, अब स्पष्ट भूराजनीतिक दृष्टिकोण व्यक्त गर्न हिचकिचाउँछ ।

कतिपय अवस्थामा, कट्टर समाजवादी विचारहरूले पार्टीलाई परम्परागत उदार लोकतन्त्रसँग असंगत स्थानमा धकेलेको देखिन्छ, जसले नेपालको रणनीतिक पहिचान निर्धारण गर्ने क्षमता कमजोर पारेको छ । दुर्भाग्यवश नेपाली कांग्रेसमा नयाँ भनाइएर अवतरित गगन थापा र यिनको कार्यसमिति सहकर्मीहरू कार्यशैली, पुनर्संरचनाको खोक्रो छनकले यो दल भन्दा बढी लोकतन्त्रको दुरुपयोगवादी चित्रित हुँदै गएको छ ।

**रणनीतिक आधार विना गणराज्य**

नेपाल आज गणराज्य हो, तर भूराजनीतिक रूपमा अस्थिर छ । लोकतान्त्रिक संस्था भए पनि, नेपाल प्राय: लोकतान्त्रिक राष्ट्रहरूको व्यापक समुदायसँग निरन्तर मिल्दैन र छिमेकीहरूसँग स्पष्ट रणनीतिक साझेदारी कायम गरेको छैन । सट्टा, नेपाल प्राय: विरोधाभासी कथाहरूको बीचमा फँसिएको देखिन्छ, दीर्घकालीन हितलाई सुरक्षित गर्ने सही गठबन्धनबारे अनिश्चित ।

दशकौंसम्म, नेपालले निष्पक्षता (नन-अलाइनमेन्ट) को सिद्धान्त अपनाएको थियो । शीतयुद्धका बेला, यस नीतिले साना राष्ट्रहरूलाई सुपरपावरहरूको मैदान बन्नबाट जोगाएको थियो । तर विश्वको भूराजनीतिक परिदृश्य बदलिएको छ । एक्काइसौं शताब्दीको भूराजनीति लोकतान्त्रिक प्रणाली र अधिनायकवादी मोडलबीच प्रतिस्पर्धाद्वारा परिभाषित छ । यस्तो संसारमा कठोर निष्पक्षता कहिलेकाहीं रणनीतिक कमजोरी पनि बन्न सक्छ । नेपालले परम्परागत निष्पक्षता आफ्नै हितमा अझै उपयोगी छ कि दीर्घकालीन जोखिम सिर्जना गर्दैछ भनी पुन: मूल्यांकन गर्न आवश्यक छ ।

**तटस्थ सुरक्षा उपस्थितिको आवश्यकता**

यी परिस्थितिहरूलाई हेर्दा, नेपालले लामो समयदेखि संवेदनशील रहेको तर आवश्यक विषयमा छलफल शुरु गर्नुपर्छह हिमालय क्षेत्रमा रणनीतिक सन्तुलन कायम गर्न तटस्थ सुरक्षा उपस्थिति । यो उपस्थिति लोकतान्त्रिक साझेदार सँग गहिरो सुरक्षा सहयोग मार्फत हुन सक्छ, जसमा साना रणनीतिक अमेरिकी सुविधा वा सञ्चालनात्मक उपस्थिति समावेश हुन सक्छ । नेपालमा अमेरिकी उपस्थिति गलत बुझिने गरेको छ– यो भूभाग कब्जा गर्न वा आन्तरिक मामिलामा हस्तक्षेप गर्न होइन । अमेरिकालाई हुम्ला, रौला वा दक्षिणी मैदानमा कुनै भूराजनीतिक इच्छा छैन । यसको उद्देश्य सन्तुलन कायम राख्ने र बढ्दो वैश्विक प्रतिस्पर्धाबाट प्रभावित क्षेत्रमा स्थिरता सुनिश्चित गर्नु हो ।

हिमालय अमेरिकी रणनीतिक दृष्टिले महत्वपूर्ण छ । जबकि यो हर्मुज स्ट्रेट जस्ता समुद्री मार्गबाट टाढा छ, एशियामा भएको विकास भूमिगत र समुद्री रणनीतिक गतिशीलतासँग जोडिन थालेको छ । एक स्थिर हिमाली क्षेत्रले यी गतिशीलताहरूलाई संवेदनशील सीमा हुँदै द्वन्द्वमा रूपान्तरण हुनबाट रोक्न सक्छ ।

**क्षेत्रीय लाभ**

नेपालमा सन्तुलित अन्तर्राष्ट्रिय उपस्थिति क्षेत्रीय हितका लागि लाभदायक हुन सक्छ । भारतका लागि, हिमालयको स्थिरता प्रत्यक्ष रूपमा जलस्रोत संरक्षणसँग जोडिएको छ । नेपालका नदीहरूले उत्तरी भारतको कृषि, ऊर्जा र जीविका सस्टेनेन्स गर्छ । हिमाली सीमामा सुरक्षा र प्रशासन सुदृढ पार्दा यी आवश्यक जलस्रोत सुरक्षित रहन्छन् ।

साथै, समन्वित सुरक्षा पूर्वी पूर्वाधार र रसद क्षमतामा सुधार ल्याएर उत्तरी सुरक्षा तयारी बलियो बनाउन सक्छ । हिमालयले पहिल्यै प्राकृतिक "गेटवाल"को भूमिका निर्वाह गरिरहेको छ, तर भूगोल मात्र पर्याप्त छैन । प्राकृतिक लाभलाई सुरक्षित राख्न रणनीतिक समन्वय अनिवार्य छ ।

**राजनीतिक चरित्रको कमजोरी**

नेपालमा रणनीतिक सोचको सबैभन्दा ठूलो बाधा अवसरवादी राजनीतिक व्यक्तित्वहरूको उदय हो । दशकौंमा, राजनीतिमा केही व्यक्तिहरू बारम्बार पार्टी र विचारधारामा परिवर्तन गर्दै व्यक्तिगत सुविधा अनुसार चल्ने गरेको देखिन्छ । यस्ता व्यक्ति अन्तर्राष्ट्रिय दृष्टिकोणका विशेषज्ञ जस्तो प्रस्तुत हुन्छन् तर साँच्चिकै राष्ट्रिय हितमा प्रतिबद्ध हुँदैनन् । यो "विश्व पार्टी" प्रवृत्ति राजनीतिक संस्थाहरूलाई कमजोर पार्छ र जनता भ्रमित हुन्छ । यदि राजनीतिक वर्गमा सिद्धान्त र स्थिरता छैन भने नेपालले सुनियोजित भूराजनीतिक रणनीति निर्माण गर्न सक्दैन

**भारतको क्षेत्रीय जिम्मेवारी**

भारत नेपालकै नजिकको साझेदार हो, सांस्कृतिक, आर्थिक र ऐतिहासिक सम्बन्धले बाँधिएको । तर साँचो मित्रताले सम्मान र रणनीतिक परिपक्वता माग्छ । कहिलेकाहीं, भारतले उत्तरदायी नेतृत्वलाई नाघ्न सकेन र छोटो अवधिका राजनीतिक गणना अनुसार अस्थिरता निम्त्याउने व्यक्तिहरूलाई बढावा दिएको देखिन्छ । सशक्त साझेदारी चरित्र र रणनीतिक चेतनाको कल्टिभेसन माग्छह यी विना, सद्भावना भएको साझेदारीले अनजानेमा अस्थिरता निम्त्याउन सक्छ ।

**जनताको असन्तुष्टि र नयाँ नेतृत्वको उदय**

हालका वर्षहरूमा परम्परागत राजनीतिक असन्तुष्टिले नयाँ आन्दोलनहरूको उदय गराएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको उदय, रवि लामिछानेको नेतृत्वमा, परिवर्तनको मागलाई दर्शाउँछ । स्वतन्त्र नेता बालेन शाहको सफलता जनता परिणाममुखी शासन चाहन्छन् भन्ने संकेत हो । तर वास्तविक राजनीतिक रूपान्तरण चुनावी सफलता मात्र होइन– सशक्त संस्था निर्माण आवश्यक छ ।

**राजनीतिक सुधारको आवश्यकता**

नेपालको भविष्य व्यापक राजनीतिक सुधारमा निर्भर छ । पार्टीहरूले वास्तविक आन्तरिक लोकतन्त्र अपनाउनुपर्छ । उम्मेदवार छनोट दक्षता र इमानदारीमा आधारित हुनुपर्छ । वित्तीय व्यवस्थापन पारदर्शी हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, पार्टीहरूले आर्थिक विकास र भूराजनीतिक जागरूकतालाई जोडेर रणनीतिक दृष्टिकोण बनाउनु आवश्यक छ । यस्ता सुधार विना, नेपालको राजनीतिक प्रणाली अस्थिरता र छोटो अवधिको राजनीति चक्रमा फँसिरहनेछ ।

**नया विकास मोडेल**

राजनीतिक सुधारसँगै नेपालले आर्थिक मोडेललाई पनि परिमार्जन गर्नुपर्छ । विकास रणनीतिले भूगोलको फाइदा उठाउनुपर्छह जलविद्युत् सम्भावना, पर्यटन, वातावरणीय कूटनीति र क्षेत्रीय व्यापार मार्गहरू दीर्घकालीन वृद्धिका अवसर हुन् । नेपालको दुई ठूला अर्थतन्त्र बीचको स्थितिले यसलाई प्रतिस्पर्धाको शिकार नभई कनेक्टिभिटीको केन्द्र बनाउँछ । तर यस रूपान्तरणका लागि विकास अर्थशास्त्र र रणनीतिक भूराजनीतिमा दुवै दक्ष नेतृत्व आवश्यक छ ।

**भूगोल सीमित गर्छ, नेतृत्वले भविष्य बनाउँछ**

'प्रिज्नर्स अफ जिओग्राफी' ले देखाउँछ कि भूगोलले सीमा तोक्छ, तर ती सीमाभित्र बुद्धिमान नेतृत्व असाधारण अवसर सिर्जना गर्न सक्छ । नेपालका पहाडहरूले शताब्दीयौंसम्म राष्ट्रलाई सुरक्षा प्रदान गरेका छन्, आफ्ना नेताहरूको सफलता र असफलताका साक्षी बनेका छन् । आधुनिक नेपालको चुनौती यो हो कि अतीतको रणनीतिक ज्ञान पुन: खोज्नु र एक यस्तो संस्था निर्माण गर्नु जसले २१औं शताब्दीको जटिलतालाई व्यवस्थापन गर्न सकोस् । तटस्थ सुरक्षा उपस्थिति, राजनीतिक सुधार र भूगोलसँग मेल खाने विकास रणनीतिले नेपाललाई र णनीतिक बन्धकबाट स्थिरता र समृद्धिको केन्द्रमा रूपान्तरण गर्न सक्छ ।

यदि हामी सफल भयौं भने, नेपाल आफ्नो भू-राजनीतिक अवस्थालाई राष्ट्रिय शक्ति र क्षेत्रीय प्रभावको स्रोतमा परिणत गर्न सक्छ । यदि असफल भयौं भने, हामी भूगोलका बन्धक मात्र होइन, आफ्नै राजनीतिक कल्पना र निर्णयहीनताको बन्धक बन्नेछौं ।

*(साभार: अनलाइनखबर)*

# नयाँ सरकारका अवसर र चुनौतीहरू

✍ श्यामप्रसाद मैनाली

हालै सम्पन्न आम निर्वाचनले नयाँ सुनामी तरङ्ग सृजना गर्दै निर्वाचनको नतिजा दिइसकेको छ । यस निर्वाचनले नयाँ शक्तिका रुपमा उदय भएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई देशको शासन सञ्चालन गर्ने जिम्मा लगाएको छ । निर्वाचनबाट जनादेश प्राप्त गर्न सफल र ाष्ट्रिय स्वतन्त्र पार्टी र यस दलसँग आबद्ध भई निर्वाचनमा मतदाताहरूले बोकाएको यो ठूलो ओजनको जिम्मेवारी एवं अवसर नयाँ सरकारले इमानदारितापूर्वक नतिजामा देखिने गरी निर्वाह गर्नुपर्ने अवस्था छ ।

प्रश्न यो ठूलो वजन राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले उठाउन सक्ने हो वा होइन ? अहिले राजनीतिक बजारमा यही चर्चा छ । नेपाली जनताले पञ्चायती शासनसँग दिक्क भएर ४६ सालमा बहुदलीय प्रणाली रोज्न पुगे । राजनीतिक स्वतन्त्रताको प्राप्तिसँगै आर्थिक समृद्धिको अपेक्षा जनतामा थियो । तर नतिजाले निराश बनायो । २०६२/०६३ सालमा पुन: अर्को आन्दोलन भयो, यद्यपि यो आन्दोलन १२ बुँदे समझदारीको पृष्ठभूमिमा अघि बढेको थियो । तथापि यो आन्दोलनले नेपालको शासकीय प्रणालीमा ठूलो परिवर्तन ल्याउन सकेको थियो । तत्पश्चात् पनि बेरोजगारीको समस्या समाधान दिनेतर्फ प्रयास भएन ।

आर्थिक समृद्धिको मुद्दालाई पटक-पटक सरकारमा बस्नेहरूले प्राथमिकतामा राख्नै चाहेनन् । उनीहरु सत्तालिप्सामा मुग्ध हुँदै गए । जे-जस्ता समझदारी गरेर पनि सत्तामा रहनुपर्ने, सार्वजनिक सेवा प्रवाहलगायत सुशासन प्रदान गर्नेतर्फ खासै महत्त्व नदिने प्रवृत्ति सरकारमा र हनेहरूमा देखिँदै गयो । जनताको शक्तिलाई निर्वाचनको समयमा मात्र अस्वस्थ प्रतिस्पर्धा गर्दाको अवस्थामा स्मरण गर्ने प्रवृत्तिले बढोत्तरी पाउँदै गयो ।

लामो समयसम्म एउटै व्यक्ति पटक-पटक सरकारमा पुग्ने, देशको अवस्था दिनानुदिन बिग्रिँदै जाने, जनताले दु:ख पाउँदै जाने, राष्ट्रलाई ऋण थपिँदै जाने विकराल अवस्थाको उपस्थितिले निरन्तरता पाउँदै गयो । यसबाट विशेष गरी युवावर्ग अत्यन्त शासनसत्ताप्रति आक्रोशित बन्न पुगे । त्यही आक्रोशको पराकाष्ठामा नागरिकहरू पुगिरहेको अवस्थामा सरकारले विशेष गरी रोजगारविहीन युवाहरूको जीवनरेखाका रूपमा रहेको सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो । यसैबाट देशको शासनसत्ता उथलपुथल भयो । यसबाट निस्केका परिणामहरू सम्पूर्ण नेपाली नागरिकलाई जगजाहेर नै छ ।

**नयाँ सरकारका चुनौतीहरू :**

सरकारप्रति आम नागरिकको वितृष्णा देखिएकै अवस्थामा जेनजी आन्दोलनले नयाँ सरकार गठन गरी निर्वाचनको तिथिमिति तोक्ने परिस्थिति निर्माण गर्ने काम गरेको थियो । सोही मितिमा निर्वाचन सम्पन्न भई नयाँ जनादेश प्राप्त भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा जाँदै गर्दा यसका लागि चुनौतीहरूको सामना गर्नुपर्ने अवस्थाका साथै उनीहरूका लागि अवसरहरु पनि अत्यन्तै ज्यादा देखिएका छन् । यो सरकारका लागि यस्ता चुनौतीहरू के-के हुन सक्छन् ? ती चुनौतीहरूको सामना गर्दै अघि बढ्दा अवसरहरु के-कस्ता देखिएका छन् ? यसैका बारेमा विश्लेषण गर्नु सान्दर्भिक हुनेछ ।

यो निर्वाचन यसअघिका आम निर्वाचनहरूभन्दा धेरै प्रकारले पृथक छ । सामान्य अवस्थामा देश निर्वाचनमा गएको होइन । थुप्रै नेपाली सपुतहरुले आफूलाई बलिवेदीमा चढाएपश्चात् निर्वाचनमा जाने बाध्यात्मक परिस्थिति बनेको हो । अन्य निर्वाचनले निर्वाह गरेको जिम्मेवारीभन्दा अहिलेको निर्वाचनबाट जनताको विश्वास प्राप्त गर्दै सरकारमा पुग्नेहरूले यसअघिका पुराना परम्परागत दलका रूपमा सम्बोधन गरिनेहरूबाट भएका कमी-कमजोरीहरुलाई सुधार गर्नुपर्ने दायित्व अबको सरकारमा रहेको छ ।

निर्वाचनको परिणामले २०१५ सालमा नेपाली कांग्रेसले प्राप्त गरेको मत प्रतिशतलाई पनि पछि पारेको छ । सरकारमा जाने राजनीतिक दलको संगठन मजबुत देखिँदैन । राजनीतिको अनुभव अत्यन्त कम भएका युवाहरूको बाहुल्यता छ । अन्यत्र दलहरूमा केही समय बिताई उक्त दलहरुमा आफ्नो राजनीतिक भविष्य नदेखी सडकमा उदाउन पुगेकाहरूको बाहुल्यता यस दलमा देखिँदै छ । विभिन्न प्रकारका अपराधजन्य क्रियाकलापमा विवादित व्यक्तित्वहरुले पनि जनताको विश्वास जित्न सफल भएका छन् । राजनीतिभन्दा भिन्न विधाबाट जोडिन पुगेकाहरूको अत्यधिक बाहुल्यता यस दलमा देखिएको छ । त्यस्तै पात्रहरू निर्वाचनबाट चुनिएर आएका छन् । नेपालमा मात्र नभएर विश्वका केही देशमा पनि युवाहरूले आन्दोलन गरेका थिए । आन्दोलन सफल भएको छ । सफलतापश्चात् सरकारमा पुगेका छन् । सरकार सञ्चालन गर्दा असफल भएका उदाहरणहरु हामी ग्वाटेमालालगायतका देशहरुमा देख्न सक्छौं । जेनजीहरूकै आन्दोलनले मित्रराष्ट्र बंगलादेशमा शेख हसिना बाजेदलाई सत्ताच्युत गरेको थियो ।

तत्पश्चात् भएको नागरिक सरकारले गराएको आम निर्वाचनमा जेनजी आन्दोलनको सफलतापूर्वक नेतृत्व गरी सामाजिक सञ्जालमा अत्यन्त ज्यादा प्रख्याती कमाएकाहरु अस्तित्वमा आउन कठिन परेको ताजा उदाहरण लिँदै गर्दा नेपालमा त्यसको ठीक विपरीत नतिजा निर्वाचनले दिएको छ । जेनजी आन्दोलनको क्रममा घटेका घटनाहरूको छानबिन गर्न गठित कार्की आयोगले आफ्नो प्रतिवेदन सरकारसमक्ष बुझाएको छ । उक्त प्रतिवेदनलाई यसअघिका सरकारहरुले जस्तो निष्क्रिय नराखी दोषीउपर कारबाही गर्नै पर्ने बाध्यता यस सरकारलाई छ ।

आन्दोलनका क्रममा आन्दोलनकारी युवाहरूले राखेका मागहरू अत्यन्त जायज छन् । ती मागहरू सबै पूरा गर्नुपर्ने अहम् दायित्व यसै सरकारमा छ । ताजा जनादेश प्राप्त गरेको सर कारले अहिलेको विशिष्ट परिस्थितिमा जनताका आकांक्षाहरुलाई सम्बोधन गर्नुपर्ने प्रतिबद्धताका साथ यसको परिणाम नेपाली नागरिकहरूले प्रस्ट बुझ्ने गरी दिन सक्नुपर्दछ । त्यसमा लामो समयदेखि व्याप्त रहेको कुशासनको अवस्था र भ्रष्टाचारजन्य क्रियाकलापहरूको अभ्यस्ततालाई अब यो सरकारले चिर्न सक्नुपर्दछ ।

**यो जिम्मेवारी अत्यन्त जटिल छ ।**

गत भाद्र २३ गते आफ्नो आन्दोलनमा अन्य कुतत्वहरूको घुसपेठ भएको जानकारी यथासमयमा आन्दोलनकारीहरूले पाएका थिए । आन्दोलन उनीहरूको नियन्त्रणभन्दा बाहिर गएको घोषणा गर्दै आन्दोलन समाप्त भएकोले सबै आन्दोलनकारीहरूलाई घर फर्किन अनुरोध गरेका थिए । तत्पश्चात्को अवस्थामा युवाहरुले सहादत प्राप्त गरेका छन् । भोलिपल्ट २४ गते अत्यन्त ठूलो हानि-नोक्सानी राष्ट्रिय सम्पत्ति र नागरिकहरूको जीउ-ज्यान जाने गरी भएको छ ।

यो आन्दोलनमा अदृश्य शक्तिको हात रहेको आशंका भइराखेको थियो । त्यो आशंका आजका दिनहरुमा पनि यथावत् छ । टिबेटियन ओरिजिनल ब्लड नाम गरेको गन्जी लगाएका, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आबद्धता दिएका समूहले आन्दोलन आफ्नो नियन्त्रणमा लिएको, दुरुपयोग गरेको र उनीहरूसँग छिपेका एजेन्डाहरू रहेका आशंकासमेत हुँदै आएको छ । यो शङ्काको निवारण नयाँ सरकारको कार्यशैलीले मात्र गर्न सक्छ । कार्की आयोगले यी विषयलगायत हिमाल खबर पत्रिकाले तथ्य र प्रमाणसहित यो हानि-नोक्सानीमा संलग्न भएकाहरूको नामसहित सार्वजनिक गरी उनीहरू नै दोषी रहेको दाबी गरिरहेको अवस्था छ । यो खोजपूर्ण प्रतिवेदनलाई हिमाल खबर पत्रिकाको टिमले कार्की आयोगसमक्ष पुऱ्याएको जानकारी प्राप्त भएको छ । । यसको सत्यतथ्यमा आयोग प्रवेश गरेको छ वा छैन ? यसको छानबिनसमेत सरकारले गराउनुपर्दछ । दोषीहरू सबैलाई कडा कारबाही गर्ने र यी कार्यहरू तथ्य र प्रमाणले पुस्ट्याइँ गरेको हुनुपर्ने अवस्था छ । कानुनसम्मत कारबाही गर्नुपर्दछ ।

देशमा लोकतन्त्रको अत्यन्त ज्यादा दुरुपयोग भइराखेको छ । स-सानो आपराधिक प्रवृत्तिका झुन्डहरुले पनि सहजै शान्ति सुरक्षाको अवस्थामा प्रश्नचिह्न खडा गर्ने अवस्था बनेको छ । सुरक्षा निकायका जिम्मेवार पदाधिकारीहरुको मनोबल उच्च छैन । भोलिका दिनहरूमा राष्ट्रको सम्पत्ति र नागरिकहरूको धनजनको सुरक्षाको प्रत्याभूति गर्ने अहम् जिम्मेवारी पनि अत्यन्त ठूलो महत्त्वको देखिएको छ । निर्वाचनको समयमा आश्चर्य लाग्दो लहर उत्पन्न भएको थियो । केही मतदाताहरूलाई कुन उम्मेदवारलाई मत दिएको भन्ने समेत थाहा नभएको अवस्था देखिन्थ्यो । उनीहरुमध्ये धेरैलाई घन्टी चिह्न र बालेनको नाम थाहा थियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# सांसदहरूलाई फिर्ता बोलाउन सकिने 'राइट टू रिकल' को फ्रेमवर्क बनाउँदै रास्वपा

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थापनाकालीन समयदेखि नै विधानमा सांसद फिर्ता बोलाउने (राइट टू रिकल) व्यवस्था गरेको छ । संशोधित विधानमा पनि उक्त प्रावधानलाई निरन्तरता दिइएको छ । प्रत्यक्ष र समानुपातिक दुवैतर्फका सांसदलाई फिर्ता गर्न सक्ने व्यवस्था विधानमा छ । प्रत्यक्षतर्फका जनप्रतिनिधिलाई फिर्ता गर्ने अधिकार साधारण सदस्यलाई दिइएको छ भने समानुपातिक सांसदलाई फिर्ता गर्ने अधिकार केन्द्रीय समितिलाई छ ।




विधानको दफा ६९ अनुसार 'पार्टीका सम्बन्धित क्षेत्रका साधारण सदस्यहरूलाई आफ्ना जनप्रतिनिधिले चित्त बुझ्दो काम नगरे फिर्ता बोलाउन पाउने अधिकार हुने' उल्लेख छ । विधानमा सांसद पद खारेजको नियमावली बनाउने प्रावधान राखिएअनुसार नियमावली बनाउने क्रममा रहेको रास्वपाले जानकारी गराएको छ ।

प्रत्यक्ष निर्वाचितलाई हटाउनका लागि गरिएको व्यवस्थामा भनिएको छ, 'केन्द्रीय समितिले बनाउने नियमावलीबमोजिम सम्बन्धित क्षेत्रका साधारण सदस्यहरू निश्चित संख्या वा प्रतिशतले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पद खारेजीको प्रक्रिया सुरु गरिनेछ ।'

पार्टीका समानुपातिक जनप्रतिनिधिले पार्टी हितविपरीत काम गरेमा वा कार्यसम्पादन मूल्याङ्कनको आधारमा वा अन्य मनासिव कारण भएमा केन्द्रीय समितिले फिर्ता बोलाउने व्यवस्था गरिएको छ । जनप्रतिनिधिले चित्त बुझ्दो कार्य नगरेको, पार्टी हितविपरीत कार्य गरेको वा कार्यसम्पादन मूल्यांकन कमजोर भएको आधार फिर्ता बोलाउने विधिलाई कार्यान्वयन गर्ने गरी फ्रेमवर्कमा कार्य गरिरहेको रास्वपाका सहमहामन्त्री विपिन आचार्यले जानकारी दिए ।

जनप्रतिनिधिलाई फिर्ता गर्ने नियमावली बन्न बाँकी रहेको जानकारी गराउँदै सहमहामन्त्री आचार्यले संचारकर्मीसँग भने, 'पार्टीले बनाएको विधानलाई वैज्ञानिक बनाउने र विधानले व्यवस्था गरेका विधिलाई लागु गर्ने गरी नियमावली बनाउने कार्यमा लागिरहेका छौं ।' सांसदको भूमिका प्रभावकारी नहुने, आफ्नो प्रतिबद्धता लागु गर्न नसक्नेलाई वैज्ञानिक विधिबाट फिर्ता गर्ने अवधारणाअनुसार नै विधानमा व्यवस्था गरिएको आचार्य बताउँछन् ।

रास्वपाले पूर्वसांसद ढाकाकुमार श्रेष्ठलाई घुसकाण्डका कारण फिर्ता गरेको थियो । मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग २ करोड रुपैयाँ मागेको अडियो बाहिरिएपछि रास्वपाले उनलाई पार्टीबाट निष्काशन गरेको थियो । रास्वपाको साधारण सदस्यसमेत नहरने गरी निष्काशन गरिएको जानकारी तत्कालीन सभामुख देवराज घिमिरेलाई गराएसँगै नयाँ सांसदका लागि बाटो खुलेको थियो । ढाकाकुमार सांसदबाट पदमुक्त भएपछि उनको स्थानमा बिन्दवासिनी कंसाकार समानुपातिक सांसद बनेकी थिइन् ।

राजनीतिक दलसम्बन्धी ऐनमा सांसद पद रिक्त हुने अवस्थाहरू किटान गरिएको छ । कार्य भूमिका प्रभावकारी नभएको आधारमा फिर्ता गराउने व्यवस्था ऐनमा छैन । उक्त ऐनअनुसार 'सम्बन्धित दलको सदस्यबाट लिखित रूपमा राजीनामा दिएमा, निजले अर्को दलको सदस्यता लिएमा, निज आफैंले वा निजसमेत संलग्न भई अर्को दल गठन गरेमा' सांसद पद रिक्त हुन्छ ।

संसद्मा पेस भएका प्रस्ताव पारित गर्दा संसदीय दलले दिएको निर्देशन पालना नगर्ने सांसदको विवरण सम्बन्धित दलको सचेतकले पार्टी केन्द्रीय समितिलाई जानकारी गराउनुपर्ने ऐनमा व्यवस्था छ । संसदीय दलले बजेट पारित गर्दा, सार्वजनिक महत्वको विषय पारित गर्ने बेला, विश्वास-अविश्वासको मत राख्ने समयमा दलले सांसदहरूलाई ह्विप लगाउन सक्नेछ । ह्विप उल्लंघन गर्ने सांसदलाई पदमुक्त गर्न दलहरूले सक्ने ऐनको व्यवस्था छ ।

रास्वपाले ढाकाकुमार लाई पार्टीबाट हटाएको आधारमा सांसद पदबाट मुक्त गरेको थियो । त्यही नजिर भने सांसद गोमा लाभ सापकोटाको हकमा लागु भएन । जनमत पार्टीले समानुपातिक सांसद सापकोटालाई 'राइट टू रिकल' अनुसार फिर्ता गर्न तत्कालीन सभामुख घिमिरेलाई पत्र लेखेको थियो । सापकोटालाई समानुपातिक सांसदबाट पदमुक्त गर्न पार्टी अध्यक्ष डा. सीके राउतले चार पटक पत्र लेख्दासमेत घिमिरेले हटाएनन् ।

पार्टी अनुशासन उल्लंघन गरेको जनाउँदै सापकोटालाई साधारण सदस्य नरहने गरी निष्काशन गर्ने निर्णय पार्टीको केन्द्रीय कार्यकारिणी समितिले गरेको थियो । तत्कालीन सभामुख घिमिरेले जनमतले गरेको कारबाहीको निर्णयमा प्रक्रिया पूरा नभएको दाबीसहित सापकोटालाई पदमुक्त गरेनन् ।

जनतासँग गरिएका प्रतिज्ञाअनुसार काम गर्न नसक्ने सांसदहरूलाई फिर्ता बोलाउने अधिकार पार्टीलाई हुनुपर्ने रास्वपा सहमहामन्त्री आचार्य बताउँछन् । 'हामीले विधानमा राखेको व्यवस्था मूलत: सांसदहरूलाई जिम्मेवार र उत्तरदायी बनाउनका लागि हो । डेलिभरी गर्ने प्रतिबद्धता गर्ने तर भनेअनुसार गरिएन भने पाँच वर्ष भनेर बस्न त मिल्दैन नि,' आचार्य भन्छन् ।

विगतमा 'राइट टू रिकल' कार्यान्वयन गर्न कानुनी जटिलता भएको भए संशोधनका लागि आवश्यक कार्य गरिने आचार्यले जानकारी दिए । उनले भने, 'अहिलेसम्म हामी पार्टीका रूपमा मात्रै थियौं । अब नियम बनाउने ठाउँमा पनि हुँदै गर्दा त्यो नियमको अपनत्व पूरा समाज र राजनीतिक वृत्तले नै लिने गरी बनाउनुपर्छ ।'

निर्वाचनले प्रतिनिधि सभामा बलियो शक्ति बनेको रास्वपाले शक्तिशाली सरकार बनाउने अवसर पनि प्राप्त गरेको छ । प्रतिनिधि सभाको पहिलो दल बनेको रास्वपाले संसद्मा संख्या घट्ने भयले 'राइट टू रिकल' बाट पछि नहट्ने प्रतिबद्धता गरेको छ । दुई दिन सांसदहरूलाई अभिमुखीकरण गर्ने क्रममा सभापति रवि लामिछानेले अनुशासनका लागि रास्वपा निर्मम हुने र अराजकतालाई स्वीकार्न नसकिने बताएका थिए ।

प्रभावकारी कार्य गर्न नसक्ने र अनुशासन पालन नगर्ने सांसदलाई फिर्ता बोलाउने चेतावनी दिँदै रविले भने, 'एउटा कुरा साथीहरुलाई स्पष्ट गर्नुपर्दछ । दुई तिहाइको संख्या घट्ला भन्ने कुराको पर्वाह नगरी रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको 'राइट टू रिकल' को व्यवस्थालाई यसपटक कडाइका साथ लागु गर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# आईपीओ निष्कासन प्रक्रियामा शंकास्पद विवरण 'स्क्रिनिङ' गर्ने मापदण्ड

काठमाडौं/नेपाल धितोपत्र बोर्डले साधारण सेयर निष्कासन (आईपीओ) प्रक्रियामा कमजोर वित्तीय अवस्थालाई पनि सबल देखाउने प्रवृत्तिमा नियन्त्रण गर्ने भएको छ । बोर्डले आईपीओ जारी गर्न चाहने कम्पनीले वित्तीय विवरणको वास्तविकता परीक्षण गर्ने संयन्त्र विकास गर्न लागेको हो ।

कमजोर वित्तीय अवस्था भएका कम्पनीलाई पनि आईपीओ जारी गर्न अनुमति दिएको विषयले धितोपत्र बोर्ड आलोचित हुँदै आएको थियो । धितोपत्र बोर्डका उच्च अधिकारीहरूमाथि कमजोर वित्तीय अवस्था भएको कम्पनीलाई पनि आईपीओ निष्कासन अनुमति दिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेको थियो ।

त्यसपछि आयोगले पनि उजुरीका आधारमा बोर्डका केही अधिकारीसँग सोधपुछ गरेको थियो । सोही सन्दर्भमा यसअघिको व्यवस्थापिका संसद्को लेखा समितिले समेत प्रश्न गरेको थियो । साथै, अध्ययन गर्न अख्तियारलाई निर्देशन दिएको थियो ।

आईपीओ निष्कासन प्रक्रियालाई लिएर आलोचना बढेसँगै त्यसमाथि धितोपत्र बोर्डले काम सुरु गरेको हो । पछिल्लो समय कमजोर वित्तीय अवस्था भएका कम्पनीले वित्तीय विवरण हेरफेर गरेर धितोपत्र बोर्डमा आईपीओ निष्कासन अनुमति माग गर्ने क्रम बढेकाले वास्तविकता परीक्षण गर्नुपर्ने देखिएको धितोपत्र बोर्डका एक अधिकारीले बताए ।

'नियामक निकाय नभएका संस्थाहरू पनि आईपीओ भन्दै बोर्ड आएको अवस्था छ,' ती अधिकारीले भने, 'बोर्डले विश्वास गर्ने आधार नै छैन, लगानीकर्ताको लगानी सुरक्षाका लागि पनि बोर्डले कम्पनी कस्तो हो भनेर स्क्रिनिङ गर्न आवश्यक देखियो ।' नियामक नभएको कम्पनीलाई सिधै आईपीओ जारी गर्ने अनुमति दिँदा सेयर सम्बन्धी कुनै समस्या आएको खण्डमा समन्वय गर्न समेत अप्ठ्यारो परेको उनको भनाइ छ । 'बोर्डले आईपीओ प्रक्रियामा तयार हुने विवरण तथा कागजपत्रका सन्दर्भमा मर्चेन्ट बैंकर लाई थप जिम्मेवार बनाउन खोजेको हो,' ती अधिकारीले भने, 'त्यसका लागि सार्वजनिक निष्कासनका लागि पेस भएका वित्तीय विवरण पुनरावलोकन वा जाँचबुझ गर्न आवश्यक मापदण्ड बनाउने प्रक्रिया सुरु भएको हो ।'

# थाहानगरमा मोक्षधाम निर्माण अभियान



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/थाहा नगरपालिकामा ऐतिहासिक तथा धार्मिक महत्व उजागर गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित मोक्षधाम निर्माण अभियान सुरु गरिएको छ ।

'आरोग्य नगर' स्थापना गर्ने दीर्घकालीन लक्ष्यसहित शंखमूल क्षेत्रमा योजना अघि बढाइएको हो । मोक्षधाम शंखमूल नेपालका संरक्षक तथा नगरप्रमुख विष्णुबहादुर बिष्ट, उपप्रमुख भरत गोपाली र अध्यक्ष गुप्तबहादुर कार्कीको नेतृत्वमा २९ सदस्यीय कार्यसमिति गठन गरिएको छ । समितिका सचिव अनिल लामिछाने रहेका छन् भने विभिन्न व्यक्तित्व सल्लाहकारकारुपमा आबद्ध छन् । परियोजनाको पहिलोचरण अन्तर्गत थाहा-३ शंखमूलमा शंखको मुखबाट पानी झर्ने १०८ धारा निर्माण कार्य तीव्ररुपमा अघि बढाइएको छ । समितिका अनुसार एउटा धारा निर्माण गर्न करिब ४० हजार रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

यसैबीच, नगरपालिकामा बसेको बैठकमार्फत् आजीवन सदस्यता शुल्क ५१०० रुपैयाँ तोकिएको छ भने इच्छुक व्यक्तिले एक धारा निर्माणका लागि ४० हजार रुपैयाँ सहयोग गर्न सक्ने व्यवस्था गरिएको छ । यस अभियानलाई औपचारिकरुपमा सुरु गरिएको छ । समितिले सहयोगीको नाम सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने र मोक्षधामस्थलमा पितृको स्मरणसहित शिलालेखमा नाम अंकित गरिने जनाएको छ । परियोजना सम्पन्न भएपछि प्रकाशित हुने ऐतिहासिक तथा धार्मिक पुस्तकमा पनि सहयोगीको नाम समावेश गरिने जानकारी दिइएको छ ।

मोक्षधाम निर्माणले धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्थानीय क्षेत्रको पहिचान स्थापित गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । संसारमा रहेका तीन वटा शंखमूलमध्य दुईवटा नेपालमा रहेका छन् । नेपालका दुईमध्ये एक शंखमूल थाहानगरमा रहेको धार्मिक ग्रन्थहरुमा उल्लेख गरिएको छ ।

# नाटकमा डेब्यू गर्दै बेनिशा, 'सेतो धरती'मा ताराको भूमिका गर्ने

काठमाडौं/फिल्ममा आफ्नो अभिनय क्षमता प्रमाणित गरिसकेकी अभिनेत्री बेनिशा हमाललाई अब नाटकमा देख्न पाइने भएको छ । चर्चित उपन्यास 'सेतो धरती'मा आधारित रहेर मञ्चन हुन लागेको नाटकमा उनले अभिनय गर्न लागेकी हुन् । उनको यो डेब्यू नाटक हुनेछ । कान्तिपुर फिल्म एकेडेमीको कान्तिपुर थिएटरमा मञ्चन हुने यस नाटकमा उनले ताराको भूमिकामा अभिनय गर्नेछिन् ।





एक महिना लामो अष्ट्रेलिया बसाइँपछि यसै साता नेपाल आएकी उनलाई शनिबार कान्तिपुर एकेडेमीले नाटकमा अनुबन्धित गरेको हो । उनले अबको २ महिना नाटकलाई समय दिनेछिन् । यो बीचमा उनी कुनै फिल्मको छायांकनमा नजोडिने बताइएको छ । नाटकमा अनुबन्धित भएसँगै उनी स्क्रिप्ट अध्ययन र पात्रको तयारीका लागि टिमसँग वर्कसपमा बसिसकेकी छन् ।

कान्तिपुर थिएटरले यसअघि रेखा थापा र विशाल पहारी लगायतका कलाकारहरू अभिनीत 'मीरा', जीवन लुइँटेल र सनिशा भट्टराईको डेब्यू नाटक 'शिरीषको फूल' तथा उषा रजक र राज न्यौपानेलगायतको अभिनय रहेको 'महारानीको जात्रा'को सफलतापूर्वक मञ्चन गरिसकेको छ । 'सेतो धरती' कान्तिपुर थिएटरमा मञ्चन हुने चौथो नाटक हुनेछ ।

कान्तिपुर फिल्म एकेडेमी तथा थिएटरका सीइओ प्रकाश पुरीले लेखक अमर न्यौपानेबाट अधिकार लिएर 'सेतो धरती'लाई नाटकको रुपमा मञ्चन गर्न लागिएको बताए । उनका अनुसार चैत १३ गते रंगमञ्च दिवसको अवसरमा नाटकको मञ्चन मितिसहित निर्देशक र अन्य कलाकारहरूको बारेमा जानकारी गराइनेछ । कान्तिपुर एकेडेमीले चाँडै फिल्म 'सकम्बरी' पनि निर्माण गर्दैछ ।

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरूष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# वन डढेलो नियन्त्रण गर्न सहकार्यमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/विपद् व्यवस्थापन र वन डढेलो नियन्त्रणमा तीनै तहका सरकारबिच समन्वय र सहकार्यमा जोड दिइएको छ ।

सुक्खा मौसमसँगै हरेकवर्ष नेपालमा वन डढेलोबाट हुने विपद्का घटना वर्षेनि वृद्धि भइरहेको भन्दै विपद् प्रतिकार्य, विपद् पूर्वको पूर्वतयारी, उद्दार र राहतमा हेटौंडामा आइतबार आयोजित कार्यक्रममा स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरेर काम गर्नुपर्नेमा जोड दिइएको हो । जिल्ला समन्वय समिति मकवानपुरको आयोजना र सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरको सहकार्यमा भएको विपद् व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा जलवायु परिवर्तनका कारण खडेरी, बाढी र पहिरोको जोखिम नेपालमा बढ्दै गएको भन्दै कार्यक्रमका वक्ताले विपद्को समयमा समस्या समाधान गर्न एकद्वार नीतिको कार्यान्वयन आवश्यक भएको बताए ।




कार्यक्रमका वक्ताले प्राकृतिक कारणले भन्दा मानवसिर्जित आगलागीका कारण वनक्षेत्रमा डढेलोको जोखिम बढी रहेको भन्दै वन डढेलोका कारण श्वासप्रश्वास, आँखालगायतका स्वास्थ्य समस्यासँगै पानीको मुहान सुक्नेलगायतका समस्या आउने भएकोले सचेतना वृद्धिका लागि सुझाएका थिए । कार्यक्रममा बागमती प्रदेशका पूर्वमन्त्री कुमारी मोक्तानले वन संरक्षण र उपयोगका लागि बागमती प्रदेश सरकारले कानुनसँगै आवश्यक नीति निर्माण गरेको भन्दै सामुदायिक वनको संरक्षणमा उपभोक्ताको महत्वपूर्ण योगदान रहेको बताए ।

जिल्ला समन्वय समिति, मकवानपुरका प्रमुख ललितबहादुर घलानले वन डढेलो नियन्त्रण र यसबाट हुने क्षति न्यूनीकरणमा समुदायस्तरको चासो हुनुपर्ने भन्दै विपद् व्यवस्थापनका पूर्वतयारी प्रभावकारी हुनुपर्ने बताएका छन् । मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले विपद्सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै प्रजिअको अध्यक्षतामा जिल्लामा विपद् व्यवस्थापन समितिको व्यवस्था भएपनि लक्ष्य र उद्देश्यअनुसार कार्यसम्पादन गर्न नसकेको बताए । 'नेपाल भूपरिवष्ठित र हिमालयक्षेत्र भएकोले विपद् जोखिम बढी रहेको छ' प्रजिअ अधिकारीले भने, 'वनक्षेत्रको राष्ट्रिय उत्पादनमा योगदान कम रहेकोले वनक्षेत्रको संरक्षणसँगै यसको योगदान वृद्धि आवश्यक छ ।'

डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसद चन्द्रवंशीले डढेलो नियन्त्रण र तयारी सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै गतवर्ष मकवानपुरमा सबैभन्दा बढी मकवानपुरगढी गाउँपालिकामा र त्यसपछि बागमती गाउँपालिकामा वन डढेलोका घटना भएको जानकारी दिएका छन् । उनले घाँस उम्रने, रिसवी, सिकार खेल्न, काठदाउरा निकाल्न, वन्यजन्तु भगाउन, खेतबारी मलिलो बनाउन वनमा डढेलो लगाउने प्रवृत्ति रहेकको भन्दै जनशक्ति र स्रोतसाधनको अभाव, भौगोलिक विकटता, बजारक्षेत्रमा उपभोक्ताको कम सहभागिता, आगलागी गर्ने व्यक्तिलाई पक्राउ गर्न समस्यालगायत कारण वन डढेलो नियन्त्रणका चुनौतीका रुपमा रहेको बताएका छन् ।

जिल्ला समन्वय समिति, मकवानपुरका जिल्ला समन्वय अधिकारी विष्णु पौडेलले नेपालमा विपद्को अवस्था, तयारीलगायत विषयमा कार्यपत्र प्रस्तुत गरेको कार्यक्रममा जिल्ला समन्वय समिति, मकवानपुरका उपप्रमुख सानुकाजी लुईटेल, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईलगायतले वन डढेलो नियन्त्रणमा स्थानीय तहको कार्यक्रमसँगै प्रभावकारी भूमिका हुनुपर्ने बताए ।

# राष्ट्रिय महिला भलिबलको उपाधि न्यू डायमण्डलाई

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/हेटौंडामा सम्पन्न राष्ट्रिय महिला भलिबलको उपाधि काठमाडौंको चन्द्रागिरी नगरपालिकाको न्यू डायमण्ड क्लबले जितेको छ ।




हेटौंडा-१०, स्थित टिसीएनचौरमा जारी राष्ट्रिय बृहत् खेलको, कृषि तथा पर्यटन महोत्सवमा आइतबार दिउँसो भएको फाइनल खेलमा केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटले हराउँदै न्यू डायमण्डले उपाधि जितेको हो । न्यू डायमण्ड क्लब यसअघिको महोत्सवमा भएको प्रतियोगिताको उपविजेता पनि हो । फाइनल खेलमा केशवलाल स्मृति प्रतिष्ठानलाई २५-१३, २५-१५ र २५-२३ को सेटले पराजित गरेको हो । उपाधिसँगै न्यू डायमण्डले ३ लाख रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छ ।

उपविजेता केशवलाल स्मति प्रतिष्ठानको टिमले २ लाख रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । सेमीफाइनलमा पराजित भएका लुम्बिनी प्रदेशस्थित पाल्पा जिल्लाको स्टेप भलिबल क्लब र मधेश प्रदेशको जनशक्ति युवा क्लबको टिमले ५० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै न्यु डायमण्ड क्लबकी सुनिता क्षेत्रीले १० हजार रुपैयाँको नगद पुरस्कार र मेडल प्राप्त गरेकी छिन् । उत्कृष्ट स्पाइकर न्यू डायमण्डकी जेनिशा विश्वकर्मा, उत्कृष्ट डिफेन्डर एन्जीला प्रधान, उत्कृष्ट सेटर न्यू डायमण्डकी भावना तामाङ, उत्कृष्ट सर्भर केशवलाल प्रतिष्ठानकी रेबिका लामा, उत्कृष्ट ब्लकर केशवलालकी सलिना गुरुङ र उत्कृष्ट प्रशिक्षक न्यू डायमण्डकी कुमार राई घोषित भएका छन् ।

उनीहरुले जनही ५/५ हजार रुपैयाँको नगद पुरस्कार र मेडल प्राप्त गरेका छन् । आइतबार बिहान भएको भलिबल प्रतियोगिताको अन्तिम सेमीफाइनल खेलमा लुम्बिनी प्रदेशस्थित पाल्पा जिल्लाको स्टेप भलिबल क्लबलाई २५-१६, २५-७ र २५-२० को सेटले पराजित गर्दै केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठान फाइनलमा प्रवेश गरेको थियो भने शनिबार भएको पहिलो सेमीफाइनल खेलमा न्यू डायमण्ड स्पोर्ट्स क्लबले मधेश प्रदेशको जनशक्ति युवा क्लबलाई २५-१०, २५-१४ र २५-१८ को सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो ।

मकवानपुर जिल्ला भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानको व्यवस्थापनमा भएको प्रतियोगितामा ६ वटा राष्ट्रिय टिमको सहभागिता रहेको थियो । बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्री मदुसुदन पौडेलको प्रमुख आतिथ्यमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्षमा पुरस्कार वितरण भएको थियो । पुरस्कार वितरण कार्यक्रममा प्रदेश खेलकुद विकास परिषद, बागमती प्रदेशका सदस्यसचिव दीपक लामा, जिल्ला खेलकुद सदस्य मदन उप्रेतीको उपस्थिति रहेको थियो । खेलकुद महोत्सवमा अन्तिम खेल राष्ट्रिय खुल्ला तेक्वान्दो प्रतियोगिता बुधबार देखि शुक्रबारसम्म सचालन हुने आयोजकले जानकारी दिएका छन् ।

# नेपाल हृदयरोग प्रतिष्ठानको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरको २० औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । बरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रेमराज वैद्यको प्रमुखआतिथ्यमा साधारणसभा सम्पन्न भएको हो ।

कार्यक्रममा प्रतिष्ठानका मकवानपुर अध्यक्ष विजयकुमार वैद्यले मकवानपुर शाखाले गरेका कार्यको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेको थियो । गत फागुनमा डा. प्रेमराजले आफ्ना स्वर्गीय माता बेतीमाया वैद्य तथा पिता ललितराज वैद्यको स्मृतिमा १ लाख ११ हजार १ सय ११ रुपैयाँको अक्षयकोष स्थापना गरेको कार्यक्रममा उनका दाजु पृथ्वीराज वैद्यले १ लाख रुपैयाँ थप गर्दै प्रतिष्ठानलाई चेक हस्तान्तरण गरेका थिए । अक्षयकोषमा जम्मा भएको रकमको ब्याज उच्च रक्तचाप र यसका समस्याबारे जनचेतना जगाउन उपयोग गरिने कार्यक्रममा जनाइएको छ ।

उच्चरक्तचापबाट मुटुको मात्र नभई आँखा, मृगौला, मस्तिष्क सहितका अंगहरुमा क्षति पुग्नसक्ने हुनाले सचेत रहनु आवश्यक भएको कार्यक्रमका सहभागीले बताएका छन् । प्रतिष्ठानको मकवानपुर शाखाले विभिन्न कार्यक्रम सञ्चालन गरी २०८२ को सर्वोत्कृष्ट शाखा हुन सफल भएकोमा आगामी दिनमा अझै उत्कृष्ट कार्य गर्न प्रोत्साहन मिलेको मकवानपुरका सभापति वैद्यले बताए । मकवानपुर शाखाले यसवर्ष हेटौंडा-१०, हेटौंडा-४, थाहानगरपालिका तथा भीमफेदीको निबुवाटारमा मुटुरोगसहित अन्य रोगको विशेषज्ञ चेकजाँच तथा औषधि वितरण शिविर सञ्चालन गरेको सभापति वैद्यले जानकारी दिए ।

हेटौंडा अस्पतालमा श्रावण र माघ महिनामा २ सय भाइल औषधिसमेत सहयोग गरेको सभापति वैद्यले जानकारी दिए । कार्यक्रममा प्रतिष्ठानका केन्द्रीय सदस्य हरिवंश भेटवाल, केन्द्रीय सल्लाहकार भगीरथ शर्मा, प्रतिष्ठानकै प्रदेश संयोजक भोजराज कौडेल, प्रदेश सदस्य मेघराज पौडेल, जिल्ला शाखाका संस्थापक सभापति सम्राट तुम्बाहाङ्फे लगायतको उपस्थिति थियो ।


## हेटौंडा उपमहानगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
### हेटौंडा, मकवानपुर
### बागमती प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/०९*

हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तथा अन्तर्गतको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन कार्यालयको मिति २०८२।१२।०५ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | सेवा/समूह | संख्या | काम गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | ३/०८२/८३ | मेडिकल अधिकृत/ अधिकृत आठौं | स्वास्थ्य/ज.हे.स. | १ (एक) | हेटौंडा उपमहानगरपालिका कार्यालय अन्तर्गतका अस्पताल |
| २. | ४/०८२/८३ | सूचना प्रविधि अधिकृत/ अधिकृत छैठौं सरह | प्रशासन/विविध | १ (एक) | हेटौंडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गत |
| ३. | ५/०८२/८३ | गणक | | १० (दश) | हेटौंडा उपमहानगरपालिका कार्यालयले खटाएको स्थानमा |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:-**

**क) मेडिकल अधिकृतपदको लागि :**

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधी हासिल गरेको साथै NMC मा दर्ता भएको ।

(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ख) सूचना प्रविधि अधिकृत पदको लागि :**

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा ICT वा सो सरहको विषयहरुमध्ये कुनै विषय लिई स्नातक (BIT, BIM, BE in Electronics and Communication, BBIS, BCA, BCIS, BEIT, BSc, IT, CSIT) उत्तीर्ण गरेको ।

(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ग) गणक पदको लागि :**

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा १०+२ वा सो सरहको उपाधी हासिल गरेको।

(आ) उमेर: दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

२) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

३) दरखास्त दिने स्थान :- हेटौडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय ।

४) दरखास्त दिने अन्तिम मिति :- २०८२ सालचैत्र २३गते (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट)

५) आवेदन दस्तुर :- मेडिकल अधिकृतको पदको लागि रु.१,२०० (एक हजार दुई सय मात्र), सूचना प्रविधि अधिकृतको लागि रु.१,२०० (एक हजार दुई सय मात्र) र गणक पदको लागि रु.२०० (दुई सय मात्र)

६) छनौटको किसिम :-

(अ) गणक पदको लागि अन्तरवार्ता

(आ) बुंदा नं. (अ) बाहेकका पदहरुको हकमा लिखित परीक्षा र अन्तरवार्ता

७) प्राथमिकता: मेडिकल अधिकृत बाहेकका पदको हकमा सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दाले प्राथमिकता पाउने छ ।

८) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

- नेपाली नागरिकता
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाणपत्र
- कार्य अनुभव भए सोको कागजात
- निरोगिताको प्रमाणपत्र

९) सेवा सुविधा तथा कार्य अवधी:- मेडिकल अधिकृत र सूचना प्रविधि अधिकृतको हकमा सम्झौतामा उल्लेख भएबमोजिम तथा गणकको हकमा किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२ बमोजिम ।

१०) कार्यविवरण:- मेडिकल अधिकृतको हकमा सम्बन्धित सेवा समूह पद तथातहले गर्नेगरी तोकिएका कार्य तथा उपमहानगरपालिकाको नियमानुसार, सूचना प्रविधि अधिकृतको हकमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२, प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रमले तोके बमोजिम र उपमहानगरपालिकाको नियमानुसार तथा गणकको हकमा किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ र उपमहानगरपालिकाको नियमानुसार ।

११) परीक्षा मिति, समय र स्थान: पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

१२) उल्लेखित पदको लागि आवेदनको ढाँचा कार्यालयको वेवसाइट hetaudamun.gov.np बाट उपलब्ध हुनेछ ।

**हेटौंडा उपमहानगरपालिका**







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना